# आन्तरिक नियन्त्रण प्रणाली दिग्दर्शन, २०८१

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारको स्वीकृतिमा महालेखा नियन्त्रक कार्यालयले यो दिग्दर्शन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **नाम र प्रारम्भः** (१) यस दिग्दर्शनको नाम "आन्तरिक नियन्त्रण प्रणाली दिग्दर्शन, २०८१" रहेको छ।

(२) यो दिग्दर्शन नेपाल सरकारले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस दिग्दर्शनमा,-

(क) "अनुगमन" भन्नाले आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन अवस्थाको नियमित वा आवधिक रूपमा गर्ने अनुगमन सम्झनु पर्छ।

(ख) "आन्तरिक नियन्त्रण प्रणाली" भन्नाले आन्तरिक नियन्त्रणको लागि तयार गरिएको समग्र प्रणाली सम्झनु पर्छ।

(ग) "आन्तरिक नियन्त्रण" भन्नाले सार्वजनिक निकायबाट आफ्नो उद्देश्य प्राप्तिको लागि सम्पादन गरिने कार्य, प्रदान गरिने सेवा वा स्वीकृत कार्यक्रमबमोजिमको क्रियाकलाप सम्पादन गर्ने क्रममा आउन सक्ने जोखिमको पहिचान र सोको समुचित सम्बोधन गर्ने कार्य सम्झनु पर्छ।

(घ) "ऐन" भन्नाले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ सम्झनु पर्छ।

(ङ) "जोखिम" भन्नाले सार्वजनिक निकायको कार्यसम्पादन, स्रोत, साधनको परिचालनमा आउन सक्ने क्षति वा हानि तथा सार्वजनिक निकायको उद्देश्य प्राप्तिमा बाधा पुऱ्याउने कुनै क्रियाकलाप वा अवस्था सम्झनु पर्छ।

(च) "जोखिम विश्लेषण" भन्नाले सार्वजनिक निकायको विद्यमान तथा सम्भावित जोखिमको पहिचान तथा मूल्याङ्कन गर्ने कार्य सम्झनु पर्छ।

(छ) "नियन्त्रण क्रियाकलाप" भन्नाले सार्वजनिक निकायको उद्देश्य हासिल गर्ने क्रममा आइपर्ने जोखिम न्यूनीकरण गर्न सम्बन्धित निकायले अवलम्बन गर्नुपर्ने नीतिगत, संरचनागत, प्रक्रियागत वा प्रणालीगत व्यवस्था सम्झनु पर्छ।

(ज) "नियन्त्रण वातावरण" भन्नाले सार्वजनिक निकायमा आन्तरिक नियन्त्रण कायम गर्नको लागि ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड वा दिग्दर्शनको आधारमा तयार गरिएको सङ्गठन संरचना, प्रणाली, कार्य विभाजन तथा कार्य विवरणबमोजिम त्यस्तो निकायको सङ्गठन संरचनालाई उद्देश्यमूलक एवं नैतिकता, सदाचारिता र निष्ठामा आधारित बनाउन गरिएको व्यवस्था सम्झनु पर्छ।

(झ) "नियमावली" भन्नाले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ सम्झनु पर्छ।



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
सिंहदरबार, काठमाडौं

(ञ) "सार्वजनिक निकाय" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह अन्तर्गतको निकाय वा कार्यालय र ती निकाय वा कार्यालयअन्तर्गत रहेका गैरबजेटरी निकाय समेत सम्झनु पर्छ।

(ट) "सूचना र सञ्चार" भन्नाले आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयन अवस्थाको बारेमा सूचनाको प्रवाह र सार्वजनिकीकरणको लागि प्रयोग गरिने उपयुक्त माध्यम, विधि, ढाँचा वा प्रक्रिया सम्झनु पर्छ।

## परिच्छेद-२

## आन्तरिक नियन्त्रण प्रणाली तर्जुमासम्बन्धी व्यवस्था

३. **आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गर्नु पर्नेः** सबै सार्वजनिक निकायले प्रचलित कानूनको अधीनमा रही देहायका उद्देश्य प्राप्त गर्न अनुसूची-१ मा उल्लिखित अन्तरसम्बन्धित तत्त्वलाई समावेश गरी आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गर्नु पर्नेछः-

(क) सार्वजनिक निकायमा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गर्न मार्गदर्शन प्रदान गर्ने;

(ख) आन्तरिक नियन्त्रण प्रणालीको अवधारणागत पक्ष, तर्जुमाका आधार तथा प्रक्रिया स्पष्ट पार्ने;

(ग) आन्तरिक नियन्त्रण प्रणालीको ढाँचामा एकरूपता कायम गर्ने;

(घ) सार्वजनिक निकायको काम कारवाही क्रमवद्ध, मितव्ययी, कार्यदक्ष र प्रभावकारी बनाउँदै स्रोत साधनको महत्तम उपयोग गर्न सहयोग पुऱ्याउने;

(ङ) सार्वजनिक निकायको काम कारबाहीमा लागु हुने प्रचलित ऐन, नियम, कार्यविधि, मापदण्ड, मार्गदर्शन आदिको पालना गराउने;

(च) सार्वजनिक निकायमा विद्यमान तथा सम्भावित जोखिम पहिचान गर्दै स्रोत, साधन र सम्पत्तिको दुरूपयोग हुन नदिन तथा जवाफदेहिता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने;

(छ) सार्वजनिक निकायको वित्तीय तथा गैरवित्तीय प्रतिवेदनलाई तथ्यपरक बनाउन सहयोग पुऱ्याउने;

(ज) सार्वजनिक निकायमा पेशागत निष्ठा र नैतिक मूल्यको प्रवर्धन गर्न सहयोग पुऱ्याउने।

४. **आन्तरिक नियन्त्रण प्रणाली स्वीकृत गरी कार्यान्वयन गर्नु पर्नेः** (१) सार्वजनिक निकायले आफ्नो मातहतका निकायको सुझाव र पृष्ठपोषणसमेत समावेश गरी दफा ३ बमोजिम तर्जुमा गरेको आन्तरिक नियन्त्रण प्रणालीलाई देहायबमोजिम स्वीकृत गर्नु पर्नेछः-

(क) सार्वजनिक निकायको केन्द्रीयस्तरको मन्त्रालय, संवैधानिक निकाय, आयोग, सचिवालय, परिषद् तथा केन्द्रीयस्तरको सार्वजनिक निकायको हकमा सोही निकायले, विभागस्तरको कार्यालयको सम्बन्धित मन्त्रालयले र विभाग मातहतका कार्यालयको सम्बन्धित विभागले तथा विभाग नभएको कार्यालयको हकमा मन्त्रालयले;

(ख) प्रदेशस्तरको मन्त्रालय, आयोग, सचिवालय, परिषद्को हकमा सोही निकायले, प्रदेशको विभागस्तरका कार्यालयको प्रदेशको सम्बन्धित



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

मन्त्रालयले र मातहतको कार्यालयको विभागले तथा विभाग नभएको कार्यालयको हकमा प्रदेशको सम्बन्धित मन्त्रालयले;

(ग) स्थानीय तहको कार्यालयको हकमा सम्बन्धित कार्यपालिकाले।

(२) उपदफा (१) बमोजिम स्वीकृत भएको आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयनको लागि सम्बन्धित निकायमा पठाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम स्वीकृत आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयन गर्न जिम्मेवार व्यक्ति, समयसीमा र लागतसहितको कार्ययोजना तर्जुमा गरी लागु गर्ने जिम्मेवारी सम्बन्धित कार्यालय प्रमुखको हुनेछ।

(४) यस दफाबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा र कार्यान्वयनसम्बन्धी विस्तृत भूमिका र जिम्मेवारी अनुसूची-२ बमोजिम हुनेछ।

५. **आन्तरिक नियन्त्रण प्रणालीको ढाँचा:** (१) नियमावलीको नियम ८१ को उपनियम (३) को व्यवस्थाबमोजिम आन्तरिक नियन्त्रण प्रणालीको ढाँचा अनुसूची-३ मा निर्धारण भएबमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गर्दा देहायका विषय समावेश गर्नु पर्नेछः-

(क) निकायको नाम र ठेगाना: केन्द्रीयस्तरको निकायले आफ्नो र मातहतका निकायको लागि आन्तरिक नियन्त्रण प्रणाली तयार गर्दा त्यस्तो केन्द्रीय निकायको नाम र ठेगाना तथा विभाग वा विभाग सरहको निकायले आफ्नो र मातहतका निकायको लागि आन्तरिक नियन्त्रण प्रणाली तयार गर्दा त्यस्तो विभाग वा विभाग सरहको निकायको नाम र ठेगाना उल्लेख गर्नु पर्नेछ।

(ख) दूरदृष्टि: सार्वजनिक निकायले आफ्नो दीर्घकालीन दूरदृष्टि स्पष्ट रूपमा पहिचान गरी उल्लेख गर्नु पर्नेछ।

(ग) उद्देश्य: आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गर्ने सार्वजनिक निकायले नेपालको संविधान, नेपाल सरकारको कार्यविभाजन नियमावली, आवधिक तथा वार्षिक योजना, सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण लगायत अन्य प्रचलित कानूनबमोजिम आफू र मातहतका निकायसमेतको उद्देश्य स्पष्ट रूपमा उल्लेख गर्नु पर्नेछ।

(घ) निकायको दूरदृष्टि तथा उद्देश्य पूरा गर्न गरिने मुख्य कार्य: सार्वजनिक निकायले आफ्नो दूरदृष्टि तथा उद्देश्य पूरा गर्न आफ्नो र मातहतका कार्यालयको समेत मुख्य मुख्य कार्य उल्लेख गर्नु पर्नेछ।

(ङ) आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्ने कार्यालय वा निकाय: आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयन गर्नु पर्ने कार्यालय वा निकायको नाम क्रमश: उल्लेख गर्नु पर्नेछ। विभिन्न जिल्लामा रहेका एकै नामका कार्यालय वा निकायको नाम उल्लेख गर्दा एउटा मात्र कार्यालय वा निकायको नाम उल्लेख गर्नु पर्नेछ।

(च) नियन्त्रणको वातावरण: नियन्त्रणको वातावरणले सार्वजनिक निकायको समष्टिगत उद्देश्य प्राप्त गर्न गरिने मुख्य कार्यलाई मितव्ययी, कार्यकुशल, प्रभावकारी तथा



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

पारदर्शी बनाउन प्रचलित ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड एवं दिग्दर्शनको आधारमा तयार गरिएको सङ्गठन संरचना, प्रणाली, आचारसंहिता, कार्य विभाजन तथा कार्यविवरणबमोजिम त्यस्तो निकायको सङ्गठन संरचनालाई उद्देश्यमूलक, नैतिकता, सदाचारिता र निष्ठा प्रवर्धन गर्न गरिएको व्यवस्थालाई समेट्नु पर्नेछ। नियन्त्रण वातावरणको पहिचान अनुसूची-४ मा उल्लेख भएबमोजिमको परीक्षण सूचीअनुसार गर्नु पर्नेछ।

(छ) <u>विद्यमान तथा सम्भावित जोखिम</u>: आन्तरिक लेखापरीक्षण प्रतिवेदन, महालेखा परीक्षकको लेखापरीक्षण प्रतिवेदन, सार्वजनिक खरिद अनुगमन कार्यालयको प्रतिवेदन, राष्ट्रिय सतर्कता केन्द्रको प्रतिवेदन, अख्तियार दुरूपयोग अनुसन्धान आयोगको प्रतिवेदन तथा निर्देशन, संसदीय समितिका निर्देशनलगायतको आधारमा सार्वजनिक निकायले जोखिमको पहिचान र विश्लेषण गर्नु पर्नेछ। त्यसरी जोखिम पहिचान गर्दा आफूले र मातहत निकायले प्रवाह गर्नु पर्ने सेवा, सम्पादन गर्नु पर्ने कार्य, त्यस्तो कार्यका निमित्त जिम्मेवार शाखा र पदाधिकारी तथा निजको कार्यजिम्मेवारी समेतका आधारमा पहिचान गर्नु पर्नेछ। जोखिम पहिचान गर्दा भविष्यमा सिर्जना हुन सक्ने जोखिमको समेत विश्लेषण गरी पहिचान गर्नु पर्नेछ। जोखिमलाई संवेदनशीलताको आधारमा प्राथमिकीकरण गर्ने र एउटै कार्यसँग सम्बन्धित जोखिमलाई सम्भव भएसम्म एकीकृत गरेर क्रमबद्ध ढङ्गले उल्लेख गर्नु पर्नेछ।

(ज) <u>जोखिम नियन्त्रणका क्रियाकलाप</u>: पहिचान तथा विश्लेषण गरिएका जोखिम न्यूनीकरण गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गर्ने निकायले नियन्त्रणको वातावरणमा प्रचलित ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड एवं दिग्दर्शनका आधारमा सङ्गठन संरचना, प्रणाली, कार्य विभाजन तथा कार्य विवरणलगायतका व्यवस्था पूर्ण परिपालना गर्नु वा गराउनु पर्नेछ। विद्यमान नियन्त्रण वातावरणको पूर्ण परिपालना हुँदा पनि जोखिम न्यूनीकरण नहुने अवस्थामा नियन्त्रणका थप क्रियाकलाप विकास गरी कार्यान्वयन गर्नु वा गराउनु पर्नेछ। जोखिम नियन्त्रणको लागि अनुसूची-५ बमोजिमको जोखिम नियन्त्रण रजिष्टर तयार गरी राख्नु पर्नेछ।

(झ) <u>सूचना र सञ्चार</u>: आन्तरिक नियन्त्रण प्रणाली तयार गर्ने सार्वजनिक निकायले सूचना र सञ्चारको उपयुक्त माध्यम, विधि, ढाँचा र प्रक्रिया निर्धारण गरी आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्नु पर्नेछ। आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयन अवस्थाको सम्बन्धमा मातहत कार्यालय वा निकायबाट प्रतिवेदन लिनु पर्नेछ र प्रतिवेदन पेस गर्नु सम्बन्धित कार्यालयको दायित्व हुनेछ।

(ञ) <u>अनुगमन गर्न जिम्मेवार अधिकारी र विधि</u>: आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा तथा स्वीकृत गर्ने निकायले आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयन अवस्थाको अनुगमन गर्न जिम्मेवार अधिकारी तोक्नु पर्नेछ। सार्वजनिक निकायले मातहतका कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय सिंहदरबार, काठमाडौं

अवस्थाको सम्बन्धमा लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समितिबाट समेत अनुगमन गराइ प्रतिवेदन लिनु पर्नेछ। प्रदेश सरकार र स्थानीय तहको हकमा प्रचलित कानूनको साथै सम्बन्धित तहको कानूनबमोजिम मूल्याङ्कन गरी सुधारको लागि आवश्यक निर्देशन दिनु पर्नेछ। अनुगमनका क्रममा अनुसूची-६ बमोजिमको अनुगमन परीक्षण सूची संलग्न गरी अनुसूची-७ बमोजिमको ढाँचामा अनुगमन प्रतिवेदन बुझाउनु पर्नेछ।

६. **आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयनको अनुगमनः** (१) केन्द्रीयस्तरको सार्वजनिक निकायले आफ्नो र मातहतका कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयनको अनुगमन नियमावलीको नियम ८१ बमोजिम कम्तीमा अर्धवार्षिक रूपमा गराइ सोको प्रतिवेदन लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समितिमा पेस गर्नु पर्नेछ।

(२) प्रदेश सरकार वा स्थानीय तहको हकमा अनुगमन गर्ने पदाधिकारी तोकी लेखापरीक्षण समितिमा कम्तीमा अर्धवार्षिक रूपमा आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन स्थितिको प्रतिवेदन पेस गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

## परिच्छेद-३
## विविध

७. **मार्गदर्शनको रूपमा लिनु पर्नेः** सबै सार्वजनिक निकायले आफ्नो र मातहतका कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली तयार गर्दा यस दिग्दर्शनलाई मार्गदर्शनको रूपमा लिनु पर्नेछ।

८. **अनुसूचीमा संशोधन तथा हेरफेरः** महालेखा नियन्त्रक कार्यालयले अनुसूचीमा संशोधन तथा हेरफेर गर्न सक्नेछ।

९. **खारेजी र बचाउः** (१) आन्तरिक नियन्त्रण प्रणाली दिग्दर्शन, २०७५ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम खारेज गरिएको दिग्दर्शनबमोजिम भए गरेका काम कारबाही यसै दिग्दर्शनबमोजिम भए गरेको मानिनेछ।

अनुसूची-१

(दफा ३ सँग सम्बन्धित)

## आन्तरिक नियन्त्रण प्रणालीको अवधारणा

### १. पृष्ठभूमि


सार्वजनिक निकायबाट सम्पादन गर्नु पर्ने कार्य जोखिमरहित ढङ्गबाट सम्पादन गर्दै निर्धारित उद्देश्य प्राप्त गर्न व्यवस्थापनद्वारा अवलम्बन गरिएका क्रियाकलाप, कार्यविधि तथा प्रणालीको समग्र रूप नै आन्तरिक नियन्त्रण प्रणाली हो। यो एक व्यवस्थापकीय प्रक्रिया हो। सार्वजनिक निकायबाट सम्पादन गर्नु पर्ने कार्यलाई मितव्ययिता, प्रभावकारिता र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न, सार्वजनिक सम्पत्तिको संरक्षण गर्न, वित्तीय विवरणलाई विश्वसनीय बनाउन तथा प्रचलित कानूनको प्रभावकारी कार्यान्वयन गर्न व्यवस्थापनलाई आश्वस्तता प्रदान गर्नु यसको उद्देश्य हो। आन्तरिक नियन्त्रण प्रणाली सार्वजनिक निकायमा देखिन सक्ने सञ्चालनगत जोखिम व्यवस्थापन गर्ने गरी कार्यान्वयनमा ल्याइन्छ। यसले कार्यसम्पादनको सन्दर्भमा देखापरेका र पर्न सक्ने सम्भावित जोखिमको पहिचान तथा विश्लेषण गर्दै सोको न्यूनीकरणका लागि प्रभावकारी उपायको खोजी गर्दछ। सार्वजनिक निकायमा आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र सोको अनुगमन गर्न व्यवस्थापन मुख्य रूपमा जिम्मेवार र जवाफदेही रहन्छ।

आन्तरिक नियन्त्रण प्रणालीमा नियन्त्रण वातावरण, जोखिम मूल्याङ्कन, नियन्त्रण क्रियाकलाप, सूचना तथा सञ्चार र अनुगमन तथा मूल्याङ्कन जस्ता तत्त्व समावेश हुनु पर्ने मान्यता रहेको छ। हाम्रो सन्दर्भमा ती तत्त्वलाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ ले आन्तरिकीकरण गरिसकेको छ। समग्रमा, आन्तरिक नियन्त्रण प्रणालीले देहायका विषयलाई समेटेको हुन्छ:-

(क) आन्तरिक नियन्त्रण प्रणाली एउटा प्रक्रिया हो, जसले आन्तरिक नियन्त्रणसम्बन्धी कानूनी दस्तावेजको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता प्रदान गर्दछ।

(ख) यसले कार्यसम्पादनको सन्दर्भमा हुन सक्ने जालसाजीजन्य गलत कार्य, ठगी र अनियमितता जस्ता जोखिमको न्यूनीकरण गरी सार्वजनिक निकायको सम्पत्तिको संरक्षण गर्ने कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ।

आन्तरिक नियन्त्रण प्रणालीलाई 'कोसो' फ्रेमवर्कद्वारा प्रतिपादित देहायको एकीकृत संरचनाबाट समेत स्पष्ट पार्न सकिन्छ। यस एकीकृत संरचनामा आन्तरिक नियन्त्रण प्रणालीको तत्त्व, उद्देश्य एवं निकायको संरचनालाई एकीकृत रूपमा प्रस्तुत गरिएको छ।




स्रोत: कोसो फ्रेमवर्क



प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय नेपाल सरकार सिंहदरबार, काठमाडौं


माथि चित्रमा उल्लेख भएबमोजिम हरेक निकायको उद्देश्यलाई सञ्चालनगत, प्रतिवेदनगत र कार्यान्वयनगत गरी तीन भागमा वर्गीकरण गरिएको छ। निकायको उद्देश्य प्राप्त गर्न नियन्त्रण वातावरण, जोखिम मूल्याङ्कन, नियन्त्रण क्रियाकलाप, सूचना तथा सञ्चार र अनुगमन क्रियाकलाप जस्ता तत्त्व समाहित भएको हुनुपर्नेछ।

सार्वजनिक निकायको उद्देश्य पूरा गर्न विभिन्न महाशाखा, शाखा, एकाइ र मातहत कार्यालय रहेका र तिनको छुट्टाछुट्टै जिम्मेवारीसमेत तोकिएको हुन्छ। तोकिएको जिम्मेवारी प्रभावकारी र जोखिमरहित ढङ्गबाट सम्पादन गर्न नियन्त्रण वातावरण, जोखिम मूल्याङ्कन, नियन्त्रण क्रियाकलाप, सूचना तथा सञ्चार र अनुगमन क्रियाकलाप जस्ता पक्षमा ध्यान पुऱ्याउनु आवश्यक छ। कार्यसम्पादन गर्दा वा जिम्मेवारी निर्वाह गर्दा उपर्युक्त विविध पक्षमा पर्याप्त ध्यान दिन सकिएमा सार्वजनिक निकायको उद्देश्य पूरा गर्न सकिन्छ।

## २. आन्तरिक नियन्त्रण प्रणालीका तत्त्व तथा सिद्धान्त

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसार सुदृढ आन्तरिक नियन्त्रण प्रणालीका लागि देहायका पक्षबिच एकअर्कामा अन्तरसम्बन्ध हुन आवश्यक छः-

आन्तरिक नियन्त्रण प्रणालीका तत्त्व




आन्तरिक नियन्त्रण प्रणालीका तत्त्व तथा यसका सिद्धान्त

| तत्त्व | सिद्धान्त |
| --- | --- |
| नियन्त्रण वातावरण | (क) पेशागत निष्ठा र नैतिक मूल्यप्रतिको प्रतिवद्धता ;<br>(ख) आन्तरिक नियन्त्रण कार्यको निगरानी;<br>(ग) निकायको कार्यसञ्चालनगत, प्रतिवेदनगत, परिपालनागत र व्यावसायिक उद्देश्य प्राप्तिका लागि संरचना, अधिकार र जिम्मेवारीको स्पष्टता;<br>(घ) आन्तरिक नियन्त्रणको उद्देश्य (कार्यसञ्चालनगत, प्रतिवेदनगत, परिपालनागत र व्यावसायिक) लक्षित जनशक्ति व्यवस्थापन; |



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार काठमाडौं

| तत्त्व | सिद्धान्त |
|---|---|
| | (ङ) नियन्त्रण जिम्मेवारीका लागि उत्तरदायित्त्व प्रणालीको स्थापना। |
| विद्यमान तथा सम्भावित जोखिम विश्लेषण | (क) निकायको स्पष्ट उद्देश्य निर्धारण,<br>(ख) जोखिमको पहिचान र विश्लेषण,<br>(ग) जालसाजीजन्य जोखिमको मूल्याङ्कन,<br>(घ) निकायमा आउन सक्ने महत्त्वपूर्ण परिवर्तनको पहिचान र विश्लेषण। |
| नियन्त्रण क्रियाकलाप | (क) विद्यमान तथा सम्भावित जोखिम न्यूनीकरण गर्ने नियन्त्रण क्रियाकलापको अवलम्बन,<br>(ख) प्रविधिमार्फत गरिने नियन्त्रण क्रियाकलापको छनोट र विकास,<br>(ग) नीतिगत एवं प्रक्रियागत माध्यमबाट गरिने नियन्त्रण क्रियाकलाप। |
| सूचना र सञ्चार | (क) नियन्त्रण उद्देश्य प्राप्तिका लागि गुणस्तरीय सूचना तथा तथ्याङ्कको प्रयोग,<br>(ख) नियन्त्रण क्रियाकलापको कार्यान्वयनको लागि सान्दर्भिक सूचनाको सम्प्रेषण,<br>(ग) आन्तरिक तथा बाह्य सञ्चार। |
| अनुगमन तथा मूल्याङ्कन | (क) नियन्त्रण क्रियाकलापको प्रभावकारी कार्यान्वयनको लागि निरन्तर, आवधिक एवं स्वतन्त्र मूल्याङ्कन सञ्चालन;<br>(ख) आन्तरिक नियन्त्रणमा रहेका कमीकमजोरीको पहिचान गरी सुधारको लागि उच्च व्यवस्थापन तहलाई समयमा प्रतिवेदन। |

**(क) नियन्त्रण वातावरण**

आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता उपयुक्त नियन्त्रण वातावरणमा निर्भर रहने भएकोले यसलाई आन्तरिक नियन्त्रण प्रणालीको आधारस्तम्भ मानिन्छ। यसअन्तर्गत संविधान, विषयगत कानून, शासकीय एवं नियामक निकायबाट हुने अनुगमन, संस्थागत अनुशासन, सार्वजनिक निकायको असल कार्यसँस्कृति, कर्मचारीको क्षमता विकास र दक्षता, नतिजा प्राप्तिमा जिम्मेवारी र जवाफदेहिता वहन गर्ने कार्यसंस्कृति, सङ्गठन तथा कर्मचारीको भूमिका र जिम्मेवारीको स्पष्टता तथा निरन्तर अनुगमन र निगरानी जस्ता विषय समावेश हुन्छन्। कानूनको पर्याप्तता, सङ्गठनको उपयुक्तता, उत्प्रेरित जनशक्ति, संरचनागत एवं पदगत जिम्मेवारीको स्पष्ट बाँडफाँट, नैतिकता र अनुशासन, अनुगमन संयन्त्र र पालना, उत्तरदायी कार्यसंस्कार, असल कार्यवातावरण नियन्त्रण वातावरणका आधारस्तम्भ हुन्। सार्वजनिक निकायको नियन्त्रण वातावरणको अवस्था मूल्याङ्कन गर्दा समेत उक्त आधारबाट मूल्याङ्कन गर्नु पर्ने हुन्छ।

**(ख) जोखिमको पहिचान तथा विश्लेषण**

सार्वजनिक निकायको उद्देश्य प्राप्तिमा अवरोध सिर्जना हुनु वा अपेक्षित नतिजा प्राप्तिमा अनिश्चितता हुनु नै जोखिम हो। यस्ता जोखिम आन्तरिक तथा बाह्य कारणबाट सिर्जना हुने गर्दछन्। व्यवस्थापनले आफ्नो सङ्गठनको उद्देश्य प्राप्तिमा बाधा सिर्जना गर्ने



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार काठमाडौं

अन्तरनिहित तथा सम्भावित जोखिमको पहिचान तथा विश्लेषण गरी सोको व्यवस्थापनको लागि उपयुक्त नियन्त्रण क्रियाकलाप तर्जुमा गर्नुपर्नेछ।

(ग) **नियन्त्रण क्रियाकलाप**

सार्वजनिक निकायको उद्देश्य प्राप्त गर्न अवरोध सिर्जना गर्ने जोखिमको नियन्त्रण गर्न अवलम्बन गर्नु पर्ने क्रियाकलाप यस तत्त्वमा पर्छन्। यस्ता क्रियाकलाप नीतिगत, प्रणालीगत तथा क्रियाकलापगत रूपमा तयार गर्न सकिन्छ। कर्मचारीले यस्ता क्रियाकलापको पूर्ण पालना गरी जोखिमरहित ढङ्गबाट कार्यसम्पादन गर्नुपर्नेछ।

(घ) **सूचना तथा सञ्चार**

सार्वजनिक निकायले आफ्नो सङ्गठनको कार्यसम्पादनसँग सम्बन्धित प्रतिवेदन आवधिक रूपमा सार्वजनिकीकरण तथा सम्प्रेषण गर्नुपर्नेछ। यसले कर्मचारीलाई कार्यसम्पादनप्रति जवाफदेही र जिम्मेवार बनाउनुको साथै पारदर्शी कार्यसंस्कृतिको विकास हुन्छ। यसअन्तर्गत वित्तीय तथा गैरवित्तीय र आन्तरिक एवं बाह्य दुवै किसिमका सूचना तथा विवरण पर्छन्। प्रतिवेदन तयारी गर्ने, सोको प्रयोग गर्ने, प्रतिवेदन पेस गर्ने र प्रतिवेदनको प्रयोग गर्ने विषयहरू यसमा समावेश गरिन्छ।

(ङ) **अनुगमन**

आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयन अवस्था पत्ता लगाइ आवश्यक सुधारका लागि अनुगमन क्रियाकलाप महत्त्वपूर्ण तत्त्व हो। यसले आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयनमा रहेका कमीकमजोरीको पहिचान गरी सुधारको लागि व्यवस्थापनसमक्ष प्रतिवेदन पेस गर्दछ। यो आन्तरिक रूपमा व्यवस्थापक आफैंले वा जिम्मेवार पदाधिकारी वा समिति तोकी निरन्तर रूपमा गर्नुपर्नेछ। अनुगमनबाट प्राप्त प्रतिवेदनको आधारमा गरिएको सुधार तथा दिइएको मार्गनिर्देशन कार्यान्वयन भए नभएको विषयमा ताकेता (फलोअप) गर्ने कार्य समेत यस तत्त्वमा समावेश हुन्छ।

## ३. आन्तरिक नियन्त्रण प्रणालीको क्षेत्र

आन्तरिक नियन्त्रण प्रणालीको कार्यक्षेत्र वित्तीय नियन्त्रण मात्र नभएर व्यवस्थापकीय वा कार्यसञ्चालनगत नियन्त्रण गर्दै सेवाप्रवाहलाई गुणस्तरीय, प्रभावकारी, पारदर्शी, जवाफदेही बनाउँदै कार्यसम्पादनलाई मितव्ययी, प्रभावकारी, कार्यदक्ष र जोखिमरहित बनाउने हो। आन्तरिक नियन्त्रणको मुख्य जिम्मेवारी व्यवस्थापनको हो भने आन्तरिक लेखापरीक्षक त्यसको सहयोगी मात्र हो। आन्तरिक नियन्त्रण प्रणालीको क्षेत्रलाई देहायबमोजिम उल्लेख गरिएको छः-

(क) **वित्तीय नियन्त्रण**

आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गर्दा वित्तीय अनुशासन कायम गर्ने विषयलाई केन्द्रविन्दुमा राख्नु पर्नेछ। लेखाका मान्य सिद्धान्त, प्रचलित कानून, लेखा ढाँचा तथा लेखामानको पूर्ण प्रयोग हुन सके मात्र वित्तीय विवरण विश्वसनीय बन्न जान्छ। आन्तरिक चेकजाँच, हिसाब भिडान, आन्तरिक तथा अन्तिम लेखापरीक्षण, अधिकारप्राप्त अधिकारीको स्वीकृति, आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवेदन प्रणालीको



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

प्रयोग, समय समयमा वित्तीय प्रगतिको समीक्षा, तालुक निकायबाट निरन्तर अनुगमन तथा व्यवस्थापनबाट निरन्तर सुपरिवेक्षण जस्ता क्रियाकलाप वित्तीय नियन्त्रणका औजार हुन्। आन्तरिक नियन्त्रण प्रणालीको एउटा उद्देश्य वित्तीय विवरणलाई विश्वसनीय बनाउन सहयोग पुऱ्याउनु रहेकोले यस्ता औजारको प्रयोग गरी आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गर्न सके मात्र निर्धारित उद्देश्य पूरा हुन्छ। वित्तीय नियन्त्रण आन्तरिक नियन्त्रणको महत्त्वपूर्ण क्षेत्र हो।

वित्तीय नियन्त्रणले लेखासँग सम्बन्धित कागजात र वित्तीय विवरणको तयारीमा कुनै गल्ती नभएको, वित्तीय स्रोतसाधनको दुरूपयोग नभएको, यस्ता स्रोतसाधनको विवेकपूर्ण उपयोग गरिएको तथा आर्थिक कारोबारमा कुनै जालसाजीजन्य एवं झुटा क्रियाकलाप नभएको भनी आश्वस्तता प्रदान गर्दछ।

**(ख) कार्यसञ्चालनगत नियन्त्रण**

आन्तरिक नियन्त्रण प्रणालीले सार्वजनिक निकायबाट सम्पादित कार्य मितव्ययी, प्रभावकारी, कार्यदक्ष र जोखिमरहित ढङ्गबाट सम्पादन हुनु पर्ने मान्यता राखेको हुन्छ। आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गर्दा उल्लिखित मान्यतालाई समेत समावेश गर्ने गरी तर्जुमा गर्नु पर्नेछ। चुस्त र छरितो सङ्गठन, व्यावसायिक, सक्षम, नैतिकवान र उत्तरदायी जनशक्ति, नतिजाकेन्द्रित कार्यपद्धति, असल कार्यवातावरण, जोखिम मापन संयन्त्र जस्ता विषयमा उचित र पर्याप्त ध्यान दिन सकेमा कार्यसम्पादन नतिजामूलक र कार्यदक्ष हुन जान्छ। व्यवस्थापकीय तथा प्रशासनिक नियन्त्रणसँग बढी केन्द्रित रहेको यो आन्तरिक नियन्त्रण प्रणालीको महत्त्वपूर्ण क्षेत्र हो।

**(ग) कानूनको परिपालना**

आन्तरिक नियन्त्रण प्रणालीका औजार धेरै वटा कानूनमा छरिएर रहेका हुन्छन्। कानूनको प्रभावकारी कार्यान्वयन गर्न सके मात्र आन्तरिक नियन्त्रण प्रणालीलाई थप सुदृढ र व्यवस्थित गर्न सकिन्छ। कानूनको पूर्ण परिपालना भएको अवस्थामा वित्तीय तथा कार्यसञ्चालनगत नियन्त्रण समेत प्रभावकारी हुने भएकोले यो आन्तरिक नियन्त्रण प्रणालीको महत्त्वपूर्ण क्षेत्र हो। कडा, राम्रो र उपयुक्त कानून तर्जुमा गर्नु मात्र आन्तरिक नियन्त्रण प्रणाली होइन, यो त कानूनको प्रभावकारी कार्यान्वयनसँग सम्बन्धित हुन्छ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-२

(दफा ४ को उपदफा (४) सँग सम्बन्धित)

**निकाय तथा पदाधिकारीको भूमिका र जिम्मेवारी**

१. **शासकीय तह**

नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको शासकीय तहमा रहने पदाधिकारीको र भूमिकालाई देहायबमोजिम उल्लेख गरिएको छः-

| सरकारको तह र संवैधानिक निकाय | राज्यका अङ्ग | शासकीय तहमा रहने पदाधिकारी वा निकाय | भूमिका तथा जिम्मेवारी |
|---|---|---|---|
| नेपाल सरकार | कार्यपालिका वा अन्तर्गतका निकाय | मन्त्री | (क) आन्तरिक नियन्त्रण वातावरण निर्माण गर्ने, (ख) नीतिगत मार्गदर्शन गर्ने, (ग) अनुगमन तथा मूल्याङ्कन गरी निर्देशन गर्ने, (घ) उच्च नैतिक चरित्र, इमानदारिता र व्यावसायिक निष्ठा प्रदर्शन गर्ने, गराउने। |
| | व्यवस्थापिका वा अन्तर्गतका निकाय | व्यवस्थापिका संसद | |
| | न्यायपालिका वा अन्तर्गतका निकाय | सर्वोच्च अदालत | |
| | संवैधानिक निकाय | संवैधानिक निकायको प्रमुख | |
| प्रदेश | कार्यपालिका वा अन्तर्गतका निकाय | प्रदेश मन्त्री | |
| | व्यवस्थापिका वा अन्तर्गतका निकाय | प्रदेश सभा | |
| स्थानीय तह | गाउँ वा नगर कार्यपालिका | गाउँ वा नगर कार्यपालिका प्रमुख | |

२. **उच्च व्यवस्थापकीय तह**

उच्च व्यवस्थापकीय तहमा केन्द्रीय निकायको कार्यालय प्रमुख पर्छन्। तीनै तहको सरकारको कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका वा अन्तर्गतका निकायको उच्च व्यवस्थापकीय तहमा रहने कर्मचारी र निजको भूमिकालाई देहायानुसार उल्लेख गरिएको छः-

| सरकारको तह | राज्यका अङ्ग | उच्च व्यवस्थापकीय तहमा रहने पदाधिकारी | भूमिका तथा जिम्मेवारी |
|---|---|---|---|
| | कार्यपालिका वा अन्तर्गतका निकाय | केन्द्रीय निकायको प्रशासकीय प्रमुख (मुख्य सचिव, सचिव, | (क) आन्तरिक नियन्त्रण वातावरण निर्माण गर्ने; (ख) आन्तरिक नियन्त्रण प्रणालीको |

| सरकारको तह | राज्यका अङ्ग | उच्च व्यवस्थापकीय तहमा रहने पदाधिकारी | भूमिका तथा जिम्मेवारी |
|---|---|---|---|
| नेपाल सरकार | | विभागीय प्रमुख) | तर्जुमा गर्ने; |
| | व्यवस्थापिका वा अन्तर्गतका निकाय | महासचिव र सचिव | (ग) नियन्त्रण प्रणाली कार्यान्वयनको अनुगमन तथा सुपरिवेक्षण गर्ने; |
| | न्यायपालिका वा अन्तर्गतको निकाय | मुख्य रजिष्ट्रार, रजिष्ट्रार | (घ) अनुगमनबाट देखिएका कमीकमजोरी सुधारका लागि आवश्यक निर्देशन दिने; |
| | संवैधानिक निकाय | संवैधानिक निकायको प्रशासकीय प्रमुख | (ङ) आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयनमा नीतिगत एवं |
| प्रदेश | कार्यपालिका वा अन्तर्गतका निकाय | प्रदेश केन्द्रीय निकायको प्रशासकीय प्रमुख (प्रदेश सचिव, निर्देशनालय प्रमुख) | प्रणालीगत रूपमा कुनै अवरोध सिर्जना भएमा सोको जटिलता हटाउन नीति तथा प्रणालीमा सुधार गर्ने; |
| | व्यवस्थापिका वा अन्तर्गतका निकाय | प्रदेश सभाको सचिव | (च) उच्च नैतिक चरित्र, इमानदारिता र व्यावसायिक निष्ठा प्रदर्शन गर्ने, गराउने; |
| स्थानीय तह | गाउँ वा नगर कार्यपालिका | प्रमुख प्रशासकीय अधिकृत | (छ) सक्षम जनशक्तिको प्राप्ति, विकास र उपयोग गर्न आवश्यक योजनाको तर्जुमा गर्ने। |

**द्रष्टव्यः** भूमिका एवं जिम्मेवारीको आधारमा विभागीय प्रमुख तथा निर्देशनालय प्रमुख उच्च व्यवस्थापक वा व्यवस्थापकको रूपमा रहनेछ। विभाग तथा निर्देशनालयमा आफैंले अन्तिम निर्णय गर्ने कार्यको हकमा निजको भूमिका उच्च व्यवस्थापकको रूपमा हुनेछ भने निर्णयका लागि तालुक निकायमा पेस गर्नु पर्ने र कार्यसम्पादनमा आफू प्रत्यक्ष संलग्न हुने कार्यको सन्दर्भमा निजको भूमिका व्यवस्थापकीय तहको रूपमा हुनेछ।

## ३. व्यवस्थापकीय एवं कार्यगत तह

उच्च व्यवस्थापकीय तहको भूमिका निर्वाह गर्नु पर्ने कर्मचारीबाहेकका अन्य कर्मचारी यस तहमा पर्छन्। तीनै तहका सरकारको कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका वा अन्तर्गतका निकायको व्यवस्थापकीय एवं कार्यगत तहमा रहने कर्मचारी र निजको भूमिकालाई देहायानुसार उल्लेख गरिएको छः-

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

| सरकारको तह | राज्यका अङ्ग | व्यवस्थापकीय एवं कार्यगत तहमा रहने कर्मचारी | भूमिका तथा जिम्मेवारी |
|---|---|---|---|
| **क. व्यवस्थापकीय तह** | | | |
| नेपाल सरकार | कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका र संवैधानिक निकाय वा अन्तर्गतका निकाय | महाशाखा प्रमुख, कार्यालय वा आयोजना प्रमुख | (क) आन्तरिक नियन्त्रण प्रणाली तर्जुमाको लागि उच्च व्यवस्थापकीय तहलाई आवश्यक सहयोग गर्ने;<br>(ख) स्वीकृत आन्तरिक नियन्त्रण प्रणालीको कार्ययोजना सहित कार्यान्वयन गर्ने;<br>(ग) महाशाखागत वा विभागीय कर्मचारीको जिम्मेवारी बाँडफाँट गर्ने;<br>(घ) कार्यगत तहबाट सम्पादन हुने कार्यको नियमित सुपरिवेक्षण गर्ने;<br>(ङ) तल्लो तहबाट आवश्यक निर्णयको लागि आफूसमक्ष प्राप्त भएका विषयमा आवश्यक निर्देशन दिने वा निर्णयका लागि उच्च व्यवस्थापकीय तहमा पेस गर्ने;<br>(च) आफ्नो तहबाट सम्बोधन हुन नसक्ने जटिलता तथा जोखिम कार्यसम्पादनको सम्बन्धमा देखिएमा सोको समयमा नै सम्बोधन गर्न उच्च व्यवस्थापकीय तहमा सिफारिस गर्ने;<br>(छ) स्रोत, साधनको विवेकपूर्ण ढङ्गले परिचालन गर्ने;<br>(ज) आचारसंहिताको पूर्ण पालना गर्ने, गराउने;<br>(झ) कार्यसम्पादनको सिलसिलामा देखापरेका र पर्न सक्ने जोखिमको पहिचान गरी समयमा नै निराकरण गर्ने उपायको खोजी गर्ने;<br>(ञ) जोखिमको पहिचान, अभिलेखीकरण तथा समय समयमा सोको अध्यावधिक गर्ने, गराउने;<br>(ट) नैतिकता, इमानदारिता, सदाचारिता तथा व्यावसायिकताको मूल्य, मान्यतालाई आत्मसात गर्ने। |
| प्रदेश सरकार | कार्यपालिका, व्यवस्थापिका वा अन्तर्गतका निकाय | महाशाखा प्रमुख, कार्यालय वा आयोजना प्रमुख | |
| स्थानीय तह | कार्यपालिका वा अन्तर्गतका निकाय | महाशाखा, शाखा प्रमुख र वडाध्यक्ष | |
| **ख. कार्यगत तह** | | | |
| नेपाल सरकार | कार्यपालिका, व्यवस्थापिका र | शाखा प्रमुख तथा अन्य कर्मचारी | (क) कार्यालयबाट सम्पादन गर्नु पर्ने कार्य, प्रदान गरिने सेवा तथा स्वीकृत कार्यक्रमबमोजिमको क्रियाकलाप मितव्ययी, प्रभावकारी र |



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार

| सरकारको तह | राज्यका अङ्ग | व्यवस्थापकीय एवं कार्यगत तहमा रहने कर्मचारी | भूमिका तथा जिम्मेवारी |
|---|---|---|---|
| | न्यायपालिका वा अन्तर्गतका निकाय | | दक्षतापूर्वक ढङ्गले सम्पादन गर्ने;<br>(ख) कानूनको पूर्णरूपमा कार्यान्वयन गर्ने;<br>(ग) वित्तीय एवं गैरवित्तीय प्रतिवेदनलाई विश्वसनीय बनाउँदै सरोकारवाला निकाय तथा पदाधिकारीलाई प्रतिवेदन गर्ने;<br>(घ) आचारसंहिताको परिपालना गर्ने;<br>(ङ) तोकिएको जिम्मेवारी समयमा नै सम्पादन गर्न तदारूकताको साथ लागि पर्ने;<br>(च) कार्यसम्पादनको सन्दर्भमा देखिएका जोखिम तथा जटिलताको सम्बन्धमा व्यवस्थापकीय तहलाई जानकारी गराउने;<br>(छ) नैतिकता, इमानदारिता, सदाचारिता तथा व्यावसायिकताको मूल्य, मान्यतालाई आत्मसात् गरी कार्यसम्पादन गर्ने। |
| प्रदेश सरकार | कार्यपालिका, व्यवस्थापिका वा अन्तर्गतका निकाय | शाखा प्रमुख तथा अन्य कर्मचारी | |
| स्थानीय तह | कार्यपालिका वा अन्तर्गतका निकाय | शाखा प्रमुख, वडा सचिव तथा अन्य कर्मचारी | |

**द्रष्टव्यः** व्यवस्थापकीय तहमा रहेको कर्मचारी अन्तिम निर्णय गर्ने कार्यको हकमा व्यवस्थापकको रूपमा रहनेछ भने निर्णयका लागि माथिल्लो तहमा पेस गर्नु पर्ने र कार्यसम्पादनमा आफू प्रत्यक्ष संलग्न हुने कार्यको सन्दर्भमा निजको भूमिका कार्यगत तहको रूपमा रहनेछ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

## अनुसूची-३

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

**आन्तरिक नियन्त्रण प्रणालीको ढाँचा**

१. निकायको नाम र ठेगाना: ......................................................

२. दूरदृष्टि: निकायको दूरदृष्टि देहायबमोजिम रहेको छः-

.......................................................................................

३. उद्देश्य: निकायको उद्देश्य देहायबमोजिम रहेको छः-

१. ..........................................................

२. ..........................................................

४. निकायको दूरदृष्टि तथा उद्देश्य पूरा गर्न गरिने मुख्य कार्य: निकायको दूरदृष्टि तथा उद्देश्य पूरा गर्न गरिने मुख्य कार्य देहायबमोजिम रहेका छन्:-

१. ..........................................................

२. ..........................................................

५. कार्यान्वयन गर्ने कार्यालय वा निकाय: केन्द्रीयस्तरको निकाय वा विभाग वा विभागस्तरीय कार्यालयले तयार तथा स्वीकृत गरेको आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्ने निकाय वा कार्यालय देहायबमोजिम रहेका छन्:-

१. ..........................................................

२. ..........................................................

६. आन्तरिक नियन्त्रण प्रणालीको खाका: निकायको समष्टिगत उद्देश्य र सो उद्देश्य प्राप्त गर्न गरिने मुख्य कार्यमा विद्यमान जोखिम न्यूनीकरण गर्न सघाउ पुऱ्याउने आन्तरिक नियन्त्रणको खाका देहायबमोजिम रहेको छः-

६.१ नियन्त्रणको वातावरण:

आन्तरिक नियन्त्रणको लागि निकायसँग सम्बन्धित ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड, दिग्दर्शनका साथै सङ्गठन संरचना, प्रणाली, कार्य विभाजन तथा कार्य विवरण लगायत विद्यमान व्यवस्था:

| क्र.सं. | ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड, दिग्दर्शन | सङ्गठन संरचना | कार्य विभाजन तथा कार्य विवरण | अन्य व्यवस्था |
|---|---|---|---|---|
| | | | | |

६.२ आन्तरिक नियन्त्रणको खाका:

| क्र.सं. | विद्यमान तथा सम्भावित जोखिम | जोखिम नियन्त्रणका क्रियाकलाप | सूचना र सञ्चार | अनुगमन गर्ने निकाय र विधि |
|---|---|---|---|---|
| | | | | |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

अनुसूची -४

(दफा ५ को उपदफा (२) को खण्ड (च) सँग सम्बन्धित)

**नियन्त्रण वातावरणको परीक्षण सूची**

| क्र.सं. | आन्तरिक नियन्त्रण वातावरणको अवस्था | छ/छैन | कार्यान्वयन भएको छ/छैन | कैफियत |
|---|---|---|---|---|
| १ | आचारसंहिता तर्जुमा गरेको | | | |
| २ | आचारसंहिताको उल्लङ्घन हुँदा कारबाही गर्ने व्यवस्था गरेको | | | |
| ३ | आन्तरिक नियन्त्रण वातावरण स्थापित गर्न आवश्यक नीति, कानून, कार्यविधि, निर्देशिका, मापदण्ड, प्रक्रिया र प्रणाली तय गरेको | | | |
| ४ | आफ्नो स्वार्थ गाँसिएको विषयमा निर्णय गर्दा निर्णयकर्ता सम्मिलित नहुने व्यवस्था | | | |
| ५ | अनुगमन सूचकसहितको अनुगमन कार्ययोजना बनाइ अनुगमन गर्ने गरिएको | | | |
| ६ | आफू र मातहत निकायको संरचनागत र पदगत कार्य विवरण तयार गरी जिम्मेवारी प्रदान गरिएको | | | |
| ७ | जिम्मेवारी पूरा गर्न आवश्यक कार्यप्रवाह प्रक्रिया निर्धारण गरिएको | | | |
| ८ | कार्यसम्पादनको सूचना, प्रतिवेदन तथा प्रगति विवरण समय समयमा प्रवाह गरी सरोकारवालाको सूचनामा सहज पहुँचको व्यवस्था मिलाइएको | | | |
| ९ | शाखा प्रमुखसम्म सरुवा, बढुवा, काज वा अन्य कुनै कारणले जिम्मेवारी छोड्नु पर्दा संस्थागत संस्मरण राख्ने व्यवस्था मिलाइएको | | | |
| १० | सेवा प्रवाह, कार्यसम्पादन र कर्मचारीको अपेक्षा सम्बन्धमा समय समयमा छलफल तथा अन्तरक्रिया गर्ने व्यवस्था मिलाइएको | | | |
| ११ | आफू र मातहत निकायबाट सम्पादित कार्यको सम्बन्धमा समय समयमा छलफल, समीक्षा तथा अन्तरक्रिया गर्ने व्यवस्था मिलाइएको | | | |
| १२ | चक्रीय सरुवा, बढुवा, काजसम्बन्धी मापदण्डको व्यवस्था मिलाइएको | | | |
| १३ | तालिम, भ्रमण र क्षमता विकासका अन्य | | | |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

| क्र.सं. | आन्तरिक नियन्त्रण वातावरणको अवस्था | छ/छैन | कार्यान्वयन भएको छ/छैन | कैफियत |
|---|---|---|---|---|
| | कार्यक्रममा मनोनयनको मापदण्डको व्यवस्था मिलाइएको | | | |
| १४ | विभागीय प्रमुख र कार्यालय प्रमुखसँग सूचकसहितको कार्यसम्पादन सम्झौता गर्ने व्यवस्था मिलाइएको | | | |
| १५ | कार्यसम्पादनका आधारमा पुरस्कार र दण्ड प्रणाली व्यवस्था मिलाइएको | | | |

**द्रष्टव्य:** १. निकायले माथि उल्लिखित सूचकमा आवश्यकतानुसार परिमार्जन गर्न सक्नेछ।

२. कैफियत महलमा कार्यान्वयन अवस्थाको आधारमा न्यून, मध्यम तथा उच्चमध्ये कुन अवस्था रहेको हो सो उल्लेख गर्नु पर्नेछ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-५

(दफा ५ को उपदफा (२) को खण्ड (ज) सँग सम्बन्धित)

**आन्तरिक नियन्त्रण प्रणालीको जोखिम नियन्त्रण रजिष्टरको ढाँचा**

सार्वजनिक निकायको नाम: ..........................................................................................

आर्थिक वर्ष र महिना: ..............................................................................................

| क्र.सं. | विद्यमान एवं सम्भावित जोखिम | जोखिमका कारण | नियन्त्रणका लागि गरिएको पहल | अपेक्षित/पहलपछिको उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

अनुसूची - ६

(दफा ५ को उपदफा (२) को खण्ड (ञ) सँग सम्बन्धित)

## आन्तरिक नियन्त्रण प्रणाली अनुगमन परीक्षण सूची

| क्र.सं. | आन्तरिक नियन्त्रणको व्यवस्था | छ/छैन | कार्यान्वयन भएको छ/छैन | कैफियत |
|---|---|---|---|---|
| **विद्यमान तथा सम्भावित जोखिम** | | | | |
| १ | निकायको उद्देश्य निर्धारण गरिएको | | | |
| २ | नियन्त्रण वातावरण कायम गर्न आवश्यक व्यवस्थालाई परिपालना गरी नीति, कानून, कार्यविधि, निर्देशिका, मापदण्ड, प्रक्रिया र प्रणाली तय गरेको | | | |
| ३ | व्यवस्थापन र कर्मचारीको संलग्नतामा निकायगत तथा कार्यसञ्चालनगत जोखिम पहिचान गरेको | | | |
| ४ | जोखिम रजिष्टर राखी निरन्तर अद्यावधिक गरेको | | | |
| ५ | स्वीकृत मापदण्डको आधारमा सारभूतता, गुणस्तरीयता र शुद्धतालाई ध्यान दिई वित्तीय र गैरवित्तीय प्रतिवेदन गर्ने गरेको | | | |
| ६ | निकायले सार्वजनिक सम्पत्तिको समुचित व्यवस्थापन, सदाचार र भ्रष्टाचार न्यूनीकरणसँग सम्बन्धित जोखिम पहिचान तथा विश्लेषण गरेको | | | |
| ७ | कानूनी, आर्थिक र भौतिक वातावरणमा भएको परिवर्तनबाट सिर्जित जोखिम पहिचान र विश्लेषण गरेको | | | |
| **नियन्त्रण क्रियाकलाप** | | | | |
| ८ | जोखिम न्यूनीकरणका लागि आवश्यक नीति, कानून, कार्यविधि, निर्देशिका निर्माण वा संशोधन वा कार्यान्वयनमा ल्याएको | | | |
| ९ | कार्यविवरण र कार्यजिम्मेवारीमा सन्तुलन र नियन्त्रण कायम गरेको | | | |
| १० | जोखिम न्यूनीकरणमा सूचना प्रविधिको प्रयोग गरेको | | | |
| ११ | निकाय तथा पदाधिकारीको कार्यसम्पादन सूचक निर्धारण गरी कार्यान्वयन गरेको | | | |
| **सूचना तथा सञ्चार** | | | | |
| १२ | आन्तरिक नियन्त्रण प्रणालीको सुदृढीकरणको लागि आवश्यक सूचना सङ्कलन तथा विश्लेषण गर्ने गरेको | | | |
| १३ | सङ्कलन तथा विश्लेषण गरिएको सूचनालाई निकायको आवश्यकतानुसार रूपान्तरण एवं प्रशोधन गर्ने गरेको | | | |
| १४ | आन्तरिक नियन्त्रणको जिम्मेवारी वहन गर्न आवश्यक | | | |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार

| क्र.सं. | आन्तरिक नियन्त्रणको व्यवस्था | छ/छैन | कार्यान्वयन भएको छ/छैन | कैफियत |
|---|---|---|---|---|
| | सूचना सम्प्रेषण हुने व्यवस्था विद्यमान रहेको | | | |
| १५ | उच्च व्यवस्थापन र कर्मचारीबिच दोहोरो सूचना र सञ्चारको व्यवस्था मिलाइएको | | | |
| १६ | प्रवक्ता तथा सूचना अधिकारी र वेबसाइटको व्यवस्था गरी नियमितरूपमा सूचनाको प्रकाशन गर्ने गरेको | | | |
| १७ | कानूनबमोजिम तयार गर्नु पर्ने तथा पेस गर्नु पर्ने प्रतिवेदन तोकिएको मितिमा तयार गरी पेस गरेको | | | |
| **अनुगमन क्रियाकलाप** | | | | |
| १८ | उच्च व्यवस्थापनबाट निरन्तर अनुगमन मूल्याङ्कन गर्ने गरिएको | | | |
| १९ | अनुगमन तथा मूल्याङ्कनको लागि समिति गठन गरी परिचालन गरिएको | | | |
| २० | अनुगमन मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको लेखाजोखा गरी देखिएका कमीकमजोरी सुधार गर्ने गरिएको | | | |
| २१ | बजेट तथा कार्यक्रम कार्यान्वयनको नियमित प्रगति समीक्षा गर्ने गरिएको | | | |
| २२ | आन्तरिक र अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको कमीकमजोरी र सुझाव अध्ययन गरी कार्यान्वयन गर्ने गरिएको | | | |

**द्रष्टव्य:** १. निकायले माथि उल्लिखित सूचकमा आवश्यकतानुसार परिमार्जन गर्न सक्नेछ।

२. कैफियत महलमा कार्यान्वयन अवस्थाको आधारमा न्यून, मध्यम तथा उच्चमध्ये कुन अवस्था रहेको हो सो उल्लेख गर्नु पर्नेछ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

अनुसूची -७

(दफा ५ को उपदफा (२) को खण्ड (ञ) सँग सम्बन्धित)

**<u>आन्तरिक नियन्त्रण प्रणाली अनुगमन प्रतिवेदन</u>**

अनुगमन गरिएको निकाय वा कार्यालयको नाम र ठेगाना: ........................................................

| विद्यमान तथा सम्भावित जोखिम: | नियन्त्रणको क्रियाकलाप: | नियन्त्रण क्रियाकलापको कार्यान्वयन अवस्था: |
|---|---|---|
| | १.<br>२.<br>३.<br>४.<br>५. | १.<br>२.<br>३.<br>४.<br>५. |

नियन्त्रण क्रियाकलाप कार्यान्वयनपश्चात् जोखिमको अवस्था:

१.

२.

३.

४.

५.

जोखिम न्यूनीकरण गर्न थप व्यवस्थाको लागि सुझाव:

१.

२.

३.

४.

५.

अनुगमनकर्ताको दस्तखत:

नाम:

पद:

मिति:



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं